# शहिद लखन गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे सार्वजनिक सुनुवाई कार्यक्रम-२०७८ प्रतिवेदन

**सहजीकरण**

**सहमत मिडिया प्रालि**

## शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घैरुङ-गोरखा ।

## २०७८ मंसिर ७ गते

## विषय सूची

१. विषय प्रवेश ......................................
२. सार्वजनिक सुनुवाईको उद्देश्य .......................
३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी ...........................
४. सार्वजनिक सुनुवाई कार्यक्रम ................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... .........
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ .............
७. निष्कर्ष .......................................
८. अनुसूचिहरु .......................................
अनुसूची १ : सार्वजनिक सुनुवाई कार्यक्रमको सञ्चारमाध्यममा प्रसारित सूचना ....
अनुसूची २ : सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता ..
अनुसूची ३ : नागरिक प्रतिबेदन र बहिर्गमन अभिमत ................
अनुसूची ४ : सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका ..........
अनुसूची ५ : सार्वजनिक सुनुवाई कार्यक्रमका केही तस्वीरहरु ........
अनुसूची ६ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ .......
अनुसूची ७ : सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु ..........

## १. पृष्ठभुमी

लामो समयपछि नेपालका स्थानीय तह परिमार्जन सहित जनप्रतिनिधीको हातमा पुगेको छ । २० बर्षपछि राज्य पुनर्संरचनासँगै तीन तहको चुनाव भयो । स्थानीय तहले साढे ४ वर्ष ब्यतित गरिसकेका छन् । सबै तहमा जनप्रतिनिधिले जिम्मेवारी सम्हालेका छन् । प्रदेश सरकार गठन भएपछि यसअघि बनेका जिल्ला र क्षेत्रीय स्तरका कार्यालयहरु धमाधम परिवर्तित भएका छन् । राज्यको संरचना राज्यशक्तिको बाँडफाँट अव जनतामा विकेन्द्रित भएको छ । जनताका घर आँगनमा सरकार पुगेको छ । प्रदेश सरकार गठन भएको लामो समय वितिसकेपनि आवश्यक ऐन, कानुन, तथा निर्देशिकाको अभावका कारण जनप्रतिनिधीहरु अल्मलिएका छन् । यद्यपी तत्कालको आवश्यक्ता प्रदेश तहमा विभिन्न नीति नियम बनेका छन् भने स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन जारी भएपछि सरकारहरु केही जिम्मेवार बनेका छन् । नेपालको संविधान बमोजिम कायम भएका प्रदेश सरकार, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र समन्वय समितिमा निर्वाचित सरकारले कार्यक्रम ल्याउने र कार्यान्वयन गर्ने प्रक्रिया करिव साढे ४ वर्षदेखि गरिरहेका छन् ।

प्राचिन समयदेखि नै नेपालमा केन्द्रीकृत शासन पद्धति छ । यो निकै पुरातन अवधारणामा चल्दै आएको हामी नकार्न सक्दैनौं । जब २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन र २०५६ सालमा स्थानीय स्वायत्त शासन नियमावली आयो त्यसपछि विकेन्द्रिकृत अवधारणा सुरुवात भयो । तर अपसोच, ऐन र नियमावलीसँगसँगै स्थानीय निकायको चुनाव हुन सकेन । झण्डै २० बर्षसम्म नागरिकले जनप्रतिनिधी चुन्ने अवसर पाएनन् । २०५४ सालमा भएको चुनाव पछि एकैचोटी २०७४ मा आएर स्थानीय चुनाव भयो । देशका सार्वजनिक प्रशासनहरु जनमुखी, जवाफदेही, पारदर्शी, समाबेशी तथा सहभागितामुलक बनाएर त्यसको प्रतिफल सबै नागरिकलाई उपलब्ध गराउनु राज्यको दायित्व हो । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुसासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्यउन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । स्थानीय स्तरको विकास समग्र देश विकासकै सुचक भएको हुँदा नेपाल सरकारले स्थानिय तहलाई समुचित तवरले विकासोन्मुख गति तर्फ अघि बढाउन उपलब्ध गराउने अनुदानका अतिरिक्त स्थानीय तह आँफै राजस्व संकलन गर्ने र सोको उचित परिचालन गर्ने व्यवस्था नयाँ अबधारणा हो ।

धेरैजसो सरकारी कार्यालयहरु जनताप्रति उत्तरदायि हुन सकेका छैनन् भन्ने गुनासो निकै थियो र छ । पारदर्शिताका हिसावले पनि कमजोर थिए र छन् । आफुँसँग भएका श्रोत र साधनको अधिकतम उपयोग गरी जनताको विकास प्रतिको अपेक्षा पूरा गर्ने दायित्व यस्ता कार्यालयहरुको हुन् । तथापी आवश्यक्ताहरु, प्राथमिकताहरु, उपलब्ध अवसर तथा साधन श्रोतको तुलनामा निकै चूनौतिपूर्ण छन् । विकास जनताको नजिक र सेवा सुविधाहरु जनताको वरपर पुर्‍याउनु सुशासनप्रतिको विश्वासको वलियो आधार हो । विकेन्द्रिकरणको मर्म जनसहभागितामा आधारित निर्णय प्रक्रियाको अभ्यास गर्दै तय गरिएका योजनाहरुको प्रतिफलमा कुनै शंका हुँदैन । आम जनताको चाहनालाई योजनामा केन्द्रित गर्ने कुरा सामान्य छैन । तर अझैपनि प्राथमिकताले नभई पहुँचले अवसर पाउने परम्परा जिवित छ ।

सबैलाई बाँध्ने जनताको संविधान र संविधानतः केही संरचनाहरु तयार भएपनि थप पद्धति पूरा भैनसकेको अवस्था छ । तोकिएको व्यवस्था अनुसार कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शी बनाउन, सबैलाई अधिकार र कर्तब्यको बोध गराउन र सर्वसाधारण तथा सरोकारवालाको जायज सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गराउनुपर्ने हुन्छ । स्थानीय सरकार सन्चालन ऐन सुशासनका लागि सार्वजनिक सुनुवाईको परिकल्पना गरेको छ । हरेक स्थानीय तहको स्व मुल्यांकनका लागि पनि सार्वजनिक सुनुवाई अपरिहार्य बनाईएको छ । स्थानीय निकाय हुँदाताका नेपाल सरकारको मन्त्रीस्तरीय निर्णय अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ जारी गरी लागू समेत गरेको थियो । यो कार्यविधि संशोधन भएको छैन र छुट्टै कार्यविधि पनि बनेको छैन । यद्यपी नयाँ कार्यविधि तयार गरेर भएपनि सार्वजनिक सुनुवाई जस्ता पारदर्शीता सम्बन्धि कार्यक्रम सञ्चालन गनुपर्ने अपरिहार्य आवश्यक्ता हो । यसको अभ्यास गोखराको शहिद लखन गाउँपालिकाले सुरुवात गरेको छ । गाउँपालिकाको आयोजनामा वडा नम्बर ६ घैरुङमा सार्वजनिक सुनुवाई कार्यक्रम भएको हो ।

## २. सार्वजनिक सुनुवाईका उद्देश्य

- कार्यालयबाट संचालित कार्यक्रम, उपलब्ध सेवा र सुविधा सार्वजनिक गर्ने,
- कार्यालयसँग सम्बन्धित समस्या, जनगुनासो तथा उजुरीको विषयमा सुनुवाई गर्ने
- कार्यालयबाट सञ्चालन गरिएका योजना, परियोजना, कार्यक्रम, बजेट आदिका बारेमा सरोकारवाला तथा इच्छुकलाई विस्तृत जानकारी दिने
- कार्यालयले आफूले सञ्चालन गरेका कार्यक्रमको सकारात्मक वा नकारात्मक प्रभावका बारेमा मुल्याङ्कन गर्ने र सुधारको बाटो पहिल्याउने
- सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस कार्यविधिको उद्देश्य रहनेछ ।

## ३. सार्वजनिक सुनुवाई कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नको लागि व्यवस्थापन तथा सहकार्यको जिम्मेवारी सहमत मिडिया प्रालिलाई दिईयो ।

ख) सार्वजनिक सुनुवाई कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्नको लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत जीवन आले सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाई कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ताहरुलाई पत्राचार गरिएको थियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । (***प्रवाह भएको सूचनाको नमूना <u>अनुसूची १</u> मा रहेको छ ।***)

ग) सार्वजनिक सुनुवाई कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो ।
(***आचार संहिताको नमूना <u>अनुसूची २</u> मा रहेको छ ।***)

## ४. सार्वजनिक सुनुवाई कार्यक्रम

पूर्व निर्धारित कार्यक्रम अनुसार सार्वजनिक सुनुवाई २०७८ मंसिर ७ गते दिउँसो ११ बजेदेखि शुरु भयो । सार्वजनिक सुनुवाई कार्यक्रम झण्डै साढे ४ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै शुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सञ्चालकको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन आले मगरले जानकारी गराउनु भएको थियो । प्रमुख जवाफदेहीका रुपमा गाउँपालिका अध्यक्ष थापा सँगै, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत जीवन आले मगर, वडाध्यक्षहरु, विभिन्न शाखाका प्रमुखहरु, अन्य जनप्रतिनिधिहरु, उपभोक्ता समिति र टोल विकास संस्थाका प्रमुख प्रतिनिधिहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सहजकर्ताले सार्वजनिक सुनुवाई आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराउँदै सार्वजनिक सुनुवाई कार्यक्रममा सबैले पालना गर्नुपर्ने नियमका बारेमा जानकारी गराउनुभयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किंदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सार्वजनिक गरियो । पालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन आले मगरले हालसम्म सम्पन्न कार्यक्रम तथा बजेटका बारेमा जानकारी गराउनुभयो । उपाध्यक्ष इन्दिरा तिवारीले कार्यक्रममा स्वागत मन्तब्य राख्नुभयो । त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो ।
(***सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका <u>अनुसूची ४</u> मा रहेको छ । )***

## ५. सार्वजनिक सुनुवाईका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेशबाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत जीवन आले मगरसँगै, वडाध्यक्षहरु लगायत जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, समूह वा सन्जाल, क्लवका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु लगायतको उपस्थिति थियो । (*सहभागीहरुको विवरण अनुसूची ५ मा रहेको छ ।*)

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

सार्वजनिक सुनुवाई कार्यक्रमको खुल्ला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेशबाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत जीवन आलेमगर, वडाध्यक्षहरुले जवाफ दिनुभयो । (*खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ६ मा रहेको छ ।*)

## ७. निश्कर्ष :

सार्वजनिक सुनुवाई कार्यक्रम सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न भयो । व्यक्तिगत रिसिइवी साँध्ने किसिमले कसैबाट पनि आरोप, प्रत्यारोप र लाञ्छना लगाउने कार्य भएन । कार्यक्रम अवधि भर सबैबाट शिष्ट र सभ्य भाषाको प्रयोग भयो । त्यसैगरी गाउँपालिका र वडाको तर्फबाट पनि आवश्यक जानकारी प्रश्तुत गरिनुका साथै सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा धेरै प्रश्न तथा गुनासोहरु एवं सुझावहरु आएका छन् । त्यसैगरी कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाई गरिएको छ । आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं । अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने विश्वास लिएका छौं ।

कतिपय गाउँपालिकामा कर्मचारी अभाव र कर्मचारी तथा जनप्रचिनिधिबीच राम्रो सम्बन्ध नभएका घटनाहरु पनि आएका छन् । यहाँ सबै पक्षले मिलेर जनसेवा गरिरहेको देखिन्छ । जसका कारण संघीयताप्रति जनताको विश्वास बढ्दै गएको अनुभुत भएको छ । तथापी केही सैद्धान्तिक सुधारहरु आवश्यक छ । आगामी दिनमा ति सुधार हुने छन् र नमुना पालिकाको रुपमा परिचित हुने छ । संघीयताको संस्थापक जनप्रतिनिधि, कर्मचारी र नागरिकहरुमा बधाई तथा संविधान प्रदत्त सिंह दरबार व्यवहारिक रुपमै खडा गर्न सक्ने अपेक्षा गरेका छौं ।

## ८. अनुसूचीहरु

# अनुसूची १

***सार्वजनिक सुनुवाई कार्यक्रमको लागि सार्वजनिक सञ्चार माध्यमबाट प्रसारित सूचना***

**शहिद लखन, गाउँ कार्यपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धि अत्यन्तै जरुरी सुचना**

गोरखाको शहिद लखन गाउँपालिकाले नागरिकलाई प्रदान गरेको सेवा प्रवाह र विकास निर्माण कार्यहरु सार्वजनिक गरी ती विषयमा नागरिकहरुले उठाएका प्रश्नहरुको सुनवाई गर्दै रचनात्मक सुझाव ग्रहण गर्न यही मिति २०७८ मंसिर ७ गते वडा नम्बर ६ घैरुङ स्थित गाउँपालिकाकै सभाहलमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएकोले कार्यक्रममा सहभागी भई आफ्ना प्रश्न, गुनासो तथा सुझाव व्यक्त गरिदिनुहुन गाउँपालिका भित्रका सम्पूर्ण नागरिकहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**आयोजक**
**शहिद लखन, गाउँ कार्यपालिकाको कार्यालय**
**घैरुङ, गोरखा ।**

# अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन ।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

# अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत **(Exit Poll)**

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ६० जना ।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३० प्रतिशत |
| आर्थिक सहयोग लिन | ५ प्रतिशत |
| योजना माग गर्न | २० प्रतिशत |
| योजना सम्झौता गर्न | १० प्रतिशत |
| योजनाको किस्ता लिन | ८ प्रतिशत |
| सूचनामूलक सामग्री प्राप्त गर्न | १० प्रतिशत |
| अन्य कुनै भए | १७ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ६६ प्रतिशत | २७ प्रतिशत | ७ प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| १९ प्रतिशत | ६७ प्रतिशत | १४ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| २७ प्रतिशत | ७० प्रतिशत | ३ प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| २५ प्रतिशत | ७० प्रतिशत | ५ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|

| | | |
|---|---|---|
| १५ प्रतिशत | ७१ प्रतिशत | १४ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| | | |
|---|---|---|
| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
| २० प्रतिशत | ६८ प्रतिशत | १२ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. सेवाग्राहीलाई समयमा नै सेवा प्रवाह गरेको छ ।
२. कुनै नयाँ सेवा आएको भए सूचना पाईन्छ, जनप्रतिनिधिले खवर गर्ने गरेका छन् ।
३. कर्मचारीको व्यवहार राम्रो छ । पहिले भन्दा सुधारिँदै गएको छ ।
४. पहिले काम गर्न गोरखा बजार पुग्नुपर्थ्यो, अहिले धेरै काम वडाबाटै हुन्छ ।
५. फोटोकपी जस्ता काम निशुल्क हुन्छ । कहिलेकाहीँ वडा कार्यालय जाँदा चिया खान पाईन्छ ।
६. पालिकाले घरघरै धारा लैजाने योजना राम्रो छ ।
७. वडाध्यक्ष र जनप्रतिनिधिहरु झण्झट नमानी जतिबेला पनि सिफारिस बनाईदिन्छन् । सजिलोसँग काम हुन्छ ।
८. केही हदसम्म भएपनि स्थानीयको अपेक्षा अनुसार काम गरिएको छ, संघ र प्रदेश भन्दा स्थानीय सरकारको काम जनतासँग जोडिएका छन् ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. योजनाको समिति बनाउँदा बेलैमा खवर गर्नुपर्‍यो, योजना छुट्याउँदा पार्टीका मान्छे हेर्ने होईन, सबैलाई समेटेर समानुपातिक ढंगले गर्नुपर्‍यो ।
२. कार्यालयमा पढ्दै नपढेका मान्छे पनि जान्छन्, उनीहरुले कुनै कुरा नबुझेर कर्मचारीलाई सोध्दा झर्किने गरेका छन् । यो सुधार हुनुपर्‍यो, नबुझेको कुरा बुझाईदिनुपर्‍यो ।
३. भुकम्पको राहत सबैले पाएनन् । लाभग्राही सूची बनाउँदा विभेद गरियो, पीडितहरुले थाहै पाएनन् ।
४. कार्यालयमा कर्मचारी कुन दिन हुन्छन्, कुन दिन हुँदैनन् भन्ने थाहा भएन । टाढा बाट आएको मान्छे कर्मचारी नभेटेर त्यसै फर्किनुपर्छ । यसले धेरै दुख भयो ।
५. बुंकोटमा स्वास्थ्य भवनका लागि लिएको जग्गामा भवन निर्माण गर्नुपर्‍यो ।
६. योजना र कार्यक्रम छान्दा नातावाद, कृपावादका आधारमा होईन, आवश्यक्ताका आधारमा हुनुपर्छ । जनप्रतिनिधिहरु राजनीतिक रुपमा हेर्छन् ।
७. कार्यालयमा कुनै कार्यक्रम आए सबैलाई जानकारी हुनुपर्‍यो, सीमित ब्यक्तिलाई बोलाएर कार्यक्रम हुन्छन् । अनुदानका कार्यक्रम आउँदा सबैले थाहा पाउँदैनन् ।
८. एक घर एक धारा भनेर घरघरमै धारा छ । तर पानी आउँदैन । पानीको व्यवस्था गरिदिनुपर्‍यो ।
९. कार्यालयमा कर्मचारीहरु कोचाकोच भएर बसेका छन् । सेवाग्राही जाँदा बस्ने ठाउं भएन । सुधार गर्नुपर्‍यो ।
१०. बृद्धभत्ता लिन जाँदा जेष्ठ नागरिक र अपांगता भएकाहरुले दुख पाए । सहज बनाईदिनुपर्‍यो ।
११. सार्वजनिक सुनुवाई कार्यक्रम गर्दा टोलटोलबाट मान्छेलाई खवर गरेर उपस्थित गराउनुपर्‍यो ।
१२. पालिकामा आएका घाँस, विउ विजन सबै किसानले पाउनुपर्‍यो, विरुवाहरु आउँदा सबैले थाहा पाउँदैनन् ।
१३. बाँदरले धेरै सतायो, पाक्ने बेलाको खेती भित्र्याउन दिँदैन । यसको दीर्घकालीन समाधान खोज्नुपर्‍यो ।
१४. जनप्रतिनिधिहरु चुनावका बेला भोट माग्न आएदेखि फर्केर आएका छैनन् । टोलटोलमा पुगेर जनताका गुनासो सुनिदिनुपर्‍यो ।
१५. पालिकामा भएका विकास निर्माणबारे अनुगमन हुँदैन । प्रभावकारी अनुगमन गरिदिनुपर्‍यो ।
१६. वडा सदस्यहरुको काम के हो ? केहि गरेकै देखिँदैन । आफ्नै कामबारे उनीहरु अनविज्ञ भएका छन् ।
१७. पालिकामा कागजात र फाईलहरु ब्यवस्थित भएनन् । कहिलेकाहीँ फाईलहरु हराउने गरेका छन् । व्यवस्थित ढंगले राखिदिनुपर्‍यो ।
१८. खानेपानीको समस्या धेरै भयो । नयाँ मुलहरु खोजेर भएपनि पानीको व्यवस्था गरिदिनुपर्‍यो ।
१९. पालिकामा शौचालय राम्रो भएन । ठाउँठाउँमा सार्वजनिक शौचालय पनि बनाउनुपर्‍यो ।
२०. सानो कामका लागि पनि भोलिभोलि भनेर झुलाउँछन् । कागजपत्र पूरा छ भने, एकैपटकमा काम सकिदिनुपर्‍यो । वडाले पठाएको कागजपत्र पनि नपुगेर हामीले दुख पायौं । वडाका कर्मचारी र जनप्रतिनिधिलाई कागजपत्रबारे ज्ञान दिनुपर्‍यो ।
२१. गाविस हुँदा महिला र लक्षित वर्गका लागि पैसा छुट्याएर आउँथ्यो । आजभोलि त्यस्तो पैसा विनियोजन भएको छैन । सबैलाई समेट्ने गरी बजेट बनाउनुपर्‍यो ।
२२. प्राविधिकहरुले स्थलगत रुपमै जाँचपास गरिदिनुपर्‍यो । समितिसँगको मिलेमोतोमा कुनै पसलमा बसेर योजना पास भएका छन् । गुणस्तरमा प्राविधिकले ध्यान दिएनन् ।

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**शहिद लखन गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक ५५ जना ।**

१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १९ प्रतिशत | ६५ प्रतिशत | १६ प्रतिशत |

२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३२ प्रतिशत | ६० प्रतिशत | ८ प्रतिशत |

३. नागरिक बडापत्रमा उल्लेखित सेवामा लागेको समयप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| २२ प्रतिशत | ६७ प्रतिशत | ११ प्रतिशत |

४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| ९६ प्रतिशत | २ प्रतिशत | २ प्रतिशत |

५. यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

| विश्वस्त | ठीकै | अविश्वस्त |
|---|---|---|
| ३० प्रतिशत | ६५ प्रतिशत | ५ प्रतिशत |

६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| २७ प्रतिशत | ६२ प्रतिशत | ११ प्रतिशत |

७. तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

| आँफै | ठूलाबडाको | मध्यस्थकर्ता |
|---|---|---|
| ८० प्रतिशत | ११ प्रतिशत | ९ प्रतिशत |

८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ३८ प्रतिशत | १४ प्रतिशत | ४८ प्रतिशत |

९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?

| अति राम्रो | ठीकै | नराम्रो |
|---|---|---|
| ५ प्रतिशत | ८८ प्रतिशत | ७ प्रतिशत |

१०. कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
|---|---|---|
| २२ प्रतिशत | ४० प्रतिशत | ३८ प्रतिशत |

११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
|---|---|---|
| १६ प्रतिशत | ८२ प्रतिशत | २ प्रतिशत |

१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

| राम्रो | ठीकै | खराब |
|---|---|---|
| १६ प्रतिशत | ६५ प्रतिशत | ० प्रतिशत |

१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

| राम्रो | ठीकै | खराव |
|---|---|---|
| ३० प्रतिशत | ६५ प्रतिशत | ५ प्रतिशत |

१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| ४६ प्रतिशत | ४३ प्रतिशत | ११ प्रतिशत |

**१६.** योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
|---|---|---|
| ८० प्रतिशत | १३ प्रतिशत | ७ प्रतिशत |

**१७.** योजना सञ्चालन गर्दा गाउँपालिकावाट कत्तिको सहयोग पाउनुभएको छ ?

| धेरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
|---|---|---|
| १४ प्रतिशत | ८३ प्रतिशत | ३ प्रतिशत |

**१८.** कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
|---|---|---|
| ८५ प्रतिशत | १३ प्रतिशत | २ प्रतिशत |

**१९.** गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?

| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
|---|---|---|
| १८ प्रतिशत | ६७ प्रतिशत | १५ प्रतिशत |

**२०.** यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
|---|---|---|
| ० प्रतिशत | १९ प्रतिशत | ८१ प्रतिशत |

# अनुसूची ४

**शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**
**सार्वजनिक सुनुवाई कार्यक्रम -२०७८**
**कार्यक्रम तालिका**

| क्र.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>जीवन आलेमगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरुः**<br>दिपबहादुर केसी-अध्यक्ष, वडा नम्बर १<br>अचलबाबु थापा मगर-अध्यक्ष, वडा नम्बर २<br>गणेशबहादुर थापामगर-अध्यक्ष, वडा नम्बर ३<br>कृष्णबहादुर प्रजा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>दिलिपनारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>शरण श्रेष्ठ-अध्यक्ष, वडा नम्बर ७<br>काशीनाथ अंगाई-अध्यक्ष, वडा नम्बर ८<br>रामप्रसाद लामिछाने-अध्यक्ष, वडा नम्बर ९<br>**जवाफदेही**<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>सन्तोष लामिछाने-प्रमुख, लेखा शाखा<br>विरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>ऋषि रोका-प्रमुख, कृषि शाखा<br>ऋषिराम मरहट्टा-प्रमुख पशु सेवा शाखा<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br><br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, |

| | | | |
|---|---|---|---|
| | | | प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | | कार्यक्रमबारे जानकारी | जीवन आले मगर, प्रमुख प्रशासकीय अधिकृत |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा थप जानकारी | | रमेशबाबु थापा, पालिका अध्यक्ष |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहजकर्ता |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>जीवन आले मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु<br>शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | जीवन आले मगर, प्रमुख प्रशासकीय अधिकृत<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

## अनुसूची ५

### कार्यक्रमका केही तस्वीरहरु














शहिद लखन गाउँपालिकाले नागरिकलाई प्रदान
गरेको सेवा प्रवाह र विकास निर्माणका विषयमा आयोजित
सार्वजनिक सुनुवाई कार्यक्रम-२०७८
आयोजक
शहिद लखन गाउँपालिका
गोरखा





















# अनुसूची ६


## सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुले उठाएका प्रश्न, गुनासो तथा सुझाव एवं कार्यालयको तर्फबाट व्यक्त गरिएका प्रतिवद्धताहरु


| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | **नेत्रबहादुर थापा** | ➢ सामाजिक सुरक्षा भत्ता वडाबाट वितरण भए सजिलो हुन्थ्यो, बैंकमा जान गाह्रो भयो। जेष्ठ नागरिकहरुले धेरै दुख पाए। | ➢ भत्ता अहिले वडाबाट बाँढ्न मिल्दैन। अनियमितता भयो भने सरकारले नै बैंकिङ प्रणाली ल्याएको हो । बरु बैंकसँग भनेर सहज बनाउछौं। |
| २. | **राजेन्द्र न्यौपाने** | ➢ हामीले दुख गरेर वन हुर्काउँछौं। तर घर बनाउँदा एउटा रुख काट्न पाईंदैन। रातारात फर्निचरमा पुग्छन्, वनका काठ । यो कसले रोक्ने ? उपभोक्ता समिति र पालिकाको निगरानी पुगेन, चोरी बढ्यो। | ➢ वनमा हुने चोरी रोक्न पालिकाले छुट्टै ऐन बनाएको छ। यहाँ संरक्षण र स्थानीयले मितव्ययि भएर प्रयोग गर्ने विषयको व्यवस्था गरिएका छन् । यसलाई कडाईका साथ कार्यान्वयनमा पहल गर्छौं। |
| ३. | **पूर्ण बहादुर श्रेष्ठ** | ➢ पालिकाले हरेक वर्ष वडामा गौरवको योजना सन्चालन गर्छ । यो वर्षको घैरुङको गौरवको योजना कहाँ र कसरी वितरण भयो ?<br>➢ पालिकाले योजना अनुगमन नै गर्दैन । अनुगमन नहुँदा मनपरी भयो । काममा गुणस्तरीयता देखिएन। आज गरेको काम भोलि भत्किने गरेको छ | ➢ गौरवको योजना अहिले दार्चेको सडकमा परेको छ। त्यहाँ एम्बुलेन्स समेत नजाने अवस्था भएपछि २० लाख रुपैयाँ लगानी गरिएको हो।<br>➢ अनुगमन भैरहेको छ। सबैतिर नजर नपुगेको हुन सक्छ। कतै कमजोरी देखियो भने स्थानीयले पनि खवर गरिदिए सजिलो हुन्थ्यो। |
| ४. | **मनोज श्रेष्ठ** | ➢ खोलाहरुबाट निर्माण सामग्री निकालेर बेच्न लैजाँदा धेरै दुख दिने गरेको छ । टेण्डरबाटै निकालिएको सामान बेच्दा प्रहरीले किन रोकिरहेको छ ? अनावश्यक दुख पाईयो। | ➢ शंका लागेर सोधेको हुन सक्छ । नदीजन्य सामग्री चोरी निकासी धेरै भएको छ। मनपरी मेसिन चलाएको गुनासो पनि छ। प्रहरीसँग समन्वय गरेर सहज बनाउन प्रयास गर्छौं। दुख नदिन भन्छौं। |
| ५. | **पूर्ण भण्डारी** | ➢ पालिकाका काम उत्पादन मुखी भएनन्। वेमौसमी वर्षाले धान ध्वस्त भयो, पालिकाले क्षतिपुर्ति कहिले दिन्छ ? लक्षित समूहलाई घरेलु उद्योगतर्फ आकर्षित गरोस् । पहिले ५० मुरी धान फलाउनेलाई प्रोत्साहन भन्थ्यो, कतिले लिए ? | ➢ राम्रो सुझाव आएको छ । हामीले गरेको कृषिको लगानी उत्पादनमै केन्द्रित छ । अझै राम्रो बनाउने प्रयास गर्छौं । धानको क्षति विवरण बटुलेर माथी पठाएका छौं। त्यसको सुनुवाई हुन बाँकी छ । घरेलु उद्योगमा आकर्षित गर्ने कुरा राम्रो हो |
| ६. | **लुना थापा मगर** | ➢ कृषिका अनुदान निष्पक्ष हुनुपर्‍यो । विउ विजन समयमा वितरण हुँदैन, बेला घर्किएपछि दिएको विउले के उत्पादन हुन्छ ?<br>➢ कार्यालयको काम चुस्त भएन। मैले एउटा मात्रै हस्ताक्षर गर्न ४ घण्टा कुर्नुपर्‍यो । एकै पटकमा काम हुने व्यवस्था गरियोस्। नागरिकलाई दुख भयो। | ➢ अनुदान आवश्यक्ताका आधारमै वितरण गरेका छौं । वास्तविक किसानले पाएका छन् । अनुदान दिनुअघि धेरै चरणमा अनुगमन गरिएको छ।<br>➢ कामले बाहिर जाँदा कहिलेकाहीं मात्रै त्यस्तो परेको हुन सक्छ। सकेसम्म नागरिकलाई दुख नहुने गरी काम गरेका छौं। |


| | | | |
|---|---|---|---|
| ७. | **अचल गुरुङ** | ➢ कोदोमा लाग्ने राते रोगले सखाप बनायो । उत्पादन यसपाली आधा घट्ने देखिन्छ । पालिकाले केही राहत दिन्छ कि दिँदैन ? | ➢ राते रोग लागेको थाहा पाएका छौं । हामीले केही स्याम्पल लिएर ल्यावमा पनि पठाएका छौं । के गर्ने भन्ने छलफल हुँदैछ । |
| ८. | **सकुन थापा** | ➢ बक्राङमा फोहोर व्यवस्थापन राम्रो भएन । समितिले पनि केही काम गरेन । होमस्टेमा आउने पाहुनाहरु फोहोरको डम्पिङले दोहोऱ्याएर आउन छोडे । | ➢ जटिल समस्या परेको छ, त्यहाँ । अब त्यहाँको डम्पिङलाई ल्याण्डफिलमा रुपान्तरण गर्नुपर्ने छ । उपयुक्त जग्गा खोजी त गरिरहेका छौं, तर पाएको छैन । |
| ९. | **काशीनाथ अम्माईं** | ➢ सार्वजनिक सुनुवाई राम्रो कार्यक्रम हो । तर उपस्थिति राम्रो भएन । यसमा पालिका र वडाहरुको पनि कमजोरी छ । कार्यक्रममा वडाले गरेका सफल अभ्यास लाई पनि समेट्नुपर्थ्यो । हामीले वडा नम्बर ८ र ७ मिलेर एम्बुलेन्स चलायौं । | ➢ सहभागी कम हुँदा हामीलाई पनि दुख लागेको छ । आगामी दिनमा विशेष तयारीका साथ कार्यक्रम गर्छौं । वडाका सफल अभ्यास आगामी प्रतिवेदनमा उल्लेख गर्छौं । पहिलो पटक भएर हामी पनि सिक्दै छौं । सुधार हुँदै जान्छ । |
| १०. | **रमेश श्रेष्ठ** | ➢ पालिकामा खेलकुद विकास समिति किन गठन हुन सकेन ? राष्ट्रपति रनिङ शिल्ड र लखन स्मृति खेलकुद गर्ने भनेको छ कहिले हो ? तयारी कहाँ पुग्यो ? | ➢ खेलकुद विकासको ऐन बनेको छ । समिति छिटै बन्छ । लखन स्मृति खेलकुद फागुन २ गते लखन स्मृति दिवसमा हुन्छ । तयारी अघि बढिसक्यो । |

## अनुसूची ७

**सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरु**









**समाप्त ।**